# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

### पदपूर्तिको लागि रिक्त माग पद पठाउने सम्बन्धित निकायहरुका लागि अत्यन्त जरुरी सूचना

**सूचना नं. ८६८/०७३-७४**

आयोगले वार्षिक रुपमा कार्यतालिका तयार गरी सोही बमोजिम स्थायी पदपूर्तिका लागि उम्मेदवार सिफारिश गर्न विभिन्न श्रेणीका पदहरुको विज्ञापन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ताका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ। स्वीकृत वार्षिक कार्यतालिकामा उल्लेख भए बमोजिमको अवधिमा रिक्त पदहरु पदपूर्तिको लागि माग गर्ने निकायहरु मार्फत् प्राप्त माग संख्याको आधारमा लोक सेवा आयोगबाट विज्ञापन प्रकाशन हुने गरेको छ। माग पदको आधारमा विज्ञापन प्रकाशन भइसकेपछि पद संख्या थप गर्न नमिल्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । अख्तियारवालाले तोकिए बमोजिमको माग फाराममा रिक्त रहेका पदहरुको सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी, पदसंख्या, निर्धारित कार्यविवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी पदपूर्तिको लागि आयोगमा पठाउनु पर्ने व्यवस्था छ। प्राप्त माग पदको आधारमा आयोगबाट स्थायी पदपूर्तिको लागि विज्ञापन प्रकाशन भइसकेपछि माग पद पटक-पटक संशोधन गर्दा कार्य प्रक्रिया झञ्झटिलो हुने र अधिक समय यस्ता कार्यहरुमा नै संलग्न रहनुपर्ने हुन्छ। बारम्बार संशोधन गरिरहँदा जनमानसमा राम्रो सन्देश नजाने र सम्भावित उम्मेदवारहरु समेत भ्रमित हुन सक्ने अवस्था सिर्जना हुन्छ । स्वीकृत कूल दरबन्दी, पदपूर्तिको अवस्था र तरिका तथा पदपूर्ति सम्बन्धी कारवाहीको विवरण कानून बमोजिम नभएमा आयोगले सम्बन्धित निकायलाई त्यस्तो काम, कारवाही सच्याउन लगाउन वा रद्द गर्न आदेश दिन सक्ने व्यवस्था छ। यसर्थ माग पठाउँदा माग संख्या यकिन गरी नपठाउने, रिक्त पद संख्या अनुसार माग नगर्ने र माग सम्बन्धी गलत विवरण पठाउने सम्बन्धित अख्तियारवाला प्रत्यक्ष रुपमा जिम्मेवार रहने र स्वयम् कारवाहीको भागीदार हुने हुँदा माग पद पठाउँदा यकिन भएर मात्र पठाउने व्यवस्था हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।